# भक्तपुर जिल्ला अदालत

भक्तपुर दरबार स्क्वायर।

## सूचना। सूचना।। सूचना।।।

यस अदालतमा दर्ता हुन आउने बालबालिकाहरुले गरेका कसूरजन्य कार्यको कारबाही सुनुवाई किनारा गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (३) र (४) को प्रयोजनाको लागि समाजसेवी तथा बाल मनोबिज्ञ वा बाल बिशेषज्ञ नियुक्त गर्नुपर्ने हुँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१) बमोजिम सूचीकृत भएका देहायका योग्यता पुगेका उम्मेद्वारहरुबाट बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को परिच्छेद-३ को नियम १३ र १४ बमोजिम ३० दिन भित्र यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुहुन सूचित गरिन्छ।

<u>समाजसेवीको योग्यता</u>

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल बिकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्विद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

<u>बाल मनोबिज्ञ वा बाल बिशेषज्ञको योग्यता</u>

(क) मान्यता प्राप्त विश्विद्यालयबाट मनोबिज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्विद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोबिज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

सम्पर्कः भक्तपुर जिल्ला अदालत प्रशासन शाखा फोन नं. ०१- ६६१०६३३

द्रस्टव्यः उक्त म्यादभित्र दरखास्त नपरे वा दरखास्त रीतपुर्वकको नभएमा सो दरखास्त उपर कुनै कारबाही हुनेछैन।